# जिल्ला समन्वय समितिको मिति २०७४/०९/०७ गते वसेको बैठकको निर्णयहरु

**निर्णयहरु :**

१) भारतीय दुतावासको अनुदानबाट वूढानीलकण्ठ न.पा. स्थित वूढानीलकण्ठ मन्दिरको मठाधिश भवन निर्माणार्थ निर्माण व्यवसायी किराँतेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनी प्रा.लि.संग मिति २०७१/१२/११ मा ठेक्का सम्झौता भई मिति २०७४ असोजमसान्तसम्म (म्याद थप समेत) म्याद कायम रहेकोमा जिल्ला प्राविधिक कार्यालयको सिफारिस वमोजिम मिति २०७४/११/३० सम्म उक्त सम्झौताको म्याद थप गर्ने जिल्ला समन्वय समिति कार्यालयको मिति २०७४/०७/१७ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

(२) कार्यालय र कार्यालय परिसरको सुरक्षार्थ पौष १ गतेदेखि सुरक्षा गार्ड नराख्ने भनिएकोमा सुरक्षा गार्डहरु नहुँदा कार्यालयको सुरक्षामा नै गम्भिर असर पर्न सक्ने महशुस गरिएकोले न्यूनतम रुपमा कम्तिमा ३ जना सुरक्षा गार्ड राख्नु पर्ने आवश्यक देखिएकोले मिति २०७४/०९/०५ गतेदेखि नै लागु हुने गरी ३ जना साविक वमोजिमको सेवा सुविधा र शर्तहरु लागु हुने गरी गोर्खाली योद्धा सेक्यूरिटी प्रा.लि., धुम्वाराही, काठमाडौंबाट हाललाई २ जना सुरक्षा गार्डबाट सेवा लिने निर्णय गरियो ।

(३) आ.व. २०७३/०७४ मा रजिष्ट्रेशन संकलन गरेवापत न.पा.ले प्राप्त गर्ने रकमको वांडफांड गरी नगरपालिकाले प्राप्त गर्नुपर्ने हिसाव न.पा.मा प्राप्त नभएकोले नगरपालिकाहरुबाट वजेट अनुमान र कार्यक्रम कार्यान्व्यनमा कठिनाई परेकोले मालपोत कार्यालयहरुबाट जि.स.स.मा प्राप्त रजिष्ट्रेशन रकम यथाशिघ्र वांडफांड गरी नगरपालिकाहरुलाईं उपलव्ध गराउन नगरपालिकाका प्रमुख/ उपप्रमुखज्यूहरुबाट पटक पटक अनुरोध भईरहेको साथै २०७४/०९/०५ गते जि.स.स.मा वसेको प्रमुख प्रशासकिय अधिकृतहरुको वैठकले पनि गत आ.व.को पाउन वाँकी रकम उपलव्ध गराईदिन ताकेता भएको सन्दर्भ उपर्युक्त नै देखिएकोले आवश्यक समन्वय गरी गत आ.व.को रकम उपलव्ध गराउने प्रवन्ध गर्न जिल्ला समन्वय समितिको कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।